# October 19th, Saturday

**प्रमुख समाचार:**

1. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु तीन अफ्रिकी देशहरूको भ्रमण सकेर आज नयाँ दिल्ली प्रस्थान
2. शिक्षाको व्यावसायीकरणले शिक्षाको गुणस्तरमा प्रतिकूल असर गरिरहेको उपराष्ट्रपति श्री जगदीप धनखरको भनाइ
3. राष्ट्रिय महिला आयोगको अध्यक्षमा सुश्री विजया रहाटकर नियुक्त
4. राजधानी दिल्लीमा विशेष खादी प्रदर्शनी आयोजना
5. अनि इजरायलका प्रधानमन्त्री श्री बेन्जामिन नेतान्याहुको निवासमा आज बिहान ड्रोन आक्रमण

**समाचार विस्तारमा**

**1. Prez Visit**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु तीन अफ्रिकी देशहरू- अल्जेरिया, मोरिटानिया र मलावीको भ्रमण पूरा गरी मलावीबाट नयाँ दिल्ली प्रस्थान गर्नुभएको छ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको तीन अफ्रिकी देशको भ्रमणले भारतको ऐतिहासिक सम्बन्धमा नयाँ अध्याय थपेको छ। यो तीन अफ्रिकी देशहरूमा राष्ट्रपतिको पहिलो भ्रमण थियो र अफ्रिकी संघलाई G-20 को स्थायी सदस्य बनाएको एक वर्ष पछि यहाँ राष्ट्रपतिको भ्रमण भएको हो। साताव्यापी भ्रमणका क्रममा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले तीनवटै देशका नेत ाहरूसँग द्विपक्षीय भेटघाट गर्नुका साथै भारतीय प्रवासीसँग अन्तरक्रिया गर्नुभएको थियो।

**2. VP Rajasthan**

उपराष्ट्रपति श्री जगदीप धनखरले शिक्षाको व्यावसायीकरणले शिक्षाको गुणस्तरमा प्रतिकूल असर गरिरहेको बताउनुभएको छ। श्री धनखर आज राजस्थानको सिकरमा एक निजी शैक्षिक संस्थाको कार्यक्रमलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। उहाँले शिक्षालाई व्यवसाय बन ाउनु देशको भविष्यका लागि राम्रो नभएको बताउनुभयो । उहाँले शिक्षा आम्दानीको माध्यम नभई त्याग, परोपकार र स्वस्थ समाज निर्माण गर्ने माध्यम हो भन्नुभयो । शिक्षा अहिले नाफामा बेचिने 'बस्तु' बनेको र यसले शिक्षाको गुणस्तरमा प्रतिकूल असर परेको भन्दै श्री धनखरले दुःख व्यक्त गर्नुभयो । श्री धनखरले भारतीय शैक्षिक संस्था ब्रिटिश शासनमा ध्वस्त भएको उल्लेख गर्नुभयो। उपराष्ट्रपतिले राष्ट्रिय शिक्षा नीतिको प्रशंसा गर्नुभयो।

**3. Rajnath – National Defence College**

रक्षामन्त्री श्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा ६२औँ राष्ट्रिय रक्षा कलेजको दीक्षान्त समारोहलाई सम्बोधन गर्नुभयो। सो अवसरमा बोल्दै उहाँले विश्व परिदृश्यमा सशस्त्र बल भविष्यका लागि बलियो र लचिलो बन्नका लागि अत्याधुनिक प्रविधि र बलियो प्रतिरक्षा इकोसिस्टम निर्माणमा लगानी भइरहेको बताउनुभयो । उहाँले अहिले युद्धक्षेत्रको दायरा समुद्री, वायु र परम्परागत युद्धक्षेत्रभन्दा पनि अघि बढेको बताउनुभयो। रक्षामन्त्रीले वर्तमान विश्व रक्षा परिदृष्यमा प्रविधि र रणनीतिक विज्ञहरुको संख्या बढी हुनुपर्ने बताउनुभयो।

**4. EC – Jharkhand**

निर्वाचन आयोगले झारखण्ड सरकारलाई राज्यका कार्यवाहक प्रहरी महानिर्देशक श्री अनुराग गुप्तालाई तत्काल पदबाट हटाउन निर्देशन दिएको छ। आयोगले राज्य सरकारलाई श्री गुप्ताको जिम्मेवारी महानिर्देशक तहका वरिष्ठ प्रहरी अधिकृतलाई हस्तान्तरण गर्न आग्रह गरेको छ। राज्य सरकारलाई आज साँझ ७ बजेभित्र यस सम्बन्धमा कारबाही प्रतिवेदन बुझाउन भनिएको छ। यससँगै सोमबार बिहान १० बजेसम्म राज्यमा तैनाथ भारतीय प्रहरी सेवाका वरिष्ठ अधिकृतको सूची बुझाउन पनि निर्देशन दिइएको छ। गत निर्वाचनमा श्री अनुराग गुप्तामाथि भएको कारबाहीको अभिलेखलाई ध्यानमा राख्दै निर्वाचन आयोगले यस्तो निर्णय गरेको हो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

**5. NCW - Chairman**

राष्ट्रिय महिला आयोगको अध्यक्षमा सुश्री विजया रहाटकरलाई नियुक्त गरिएको छ। यस सम्बन्धमा महिला तथा बाल विकास मन्त्रालयले एक सूचना जारी गरेको छ। उहाँले महाराष्ट्र महिला आयोगको अध्यक्ष र औरंगाबादको मेयरको रूपमा काम गरिसक्नुभएको छ। सुश्री विजया रहाटकरले भाजपाको राष्ट्रिय सचिव र पार्टीको महिला शाखाको अध्यक्षको रूपमा पनि काम गरिसक्नुभएको छ। मन्त्रालयले राष्ट्रिय महिला आयोगको सदस्यमा डा अर्चना मजुमदारलाई नियुक्त गर्ने सूचना पनि जारी गरेको छ।

**6. Swearing In**

जम्मू कश्मीरका उपराज्यपाल श्री मनोज सिन्हाबले आज नेसनल कन्फरेन्स नेता श्री मुबारक गुललाई केन्द्र शासित प्रदेश विधानसभाको अस्थायी अध्यक्षको रूपमा शपथ गराउनुभएको छ। श्री गुल श्रीनगरको इदगाह निर्वाचन क्षेत्रबाट विधानसभामा निर्वाचित हुनुभएको हो। उहाँलाई आज श्रीनगरको राजभवनमा पद तथा गोपनियताको सपथ ग्रहण गराइयो । उहाँले यही महिनाको 21 तारिख दिउँसो तीन बजे जम्मू कश्मीर विधानसभाका नवनिर्वाचित सदस्यहरूलाई सपथ गराउनु हुनेछ।

**7. ITU – WTSA**

नयाँ दिल्लीमा दस दिने अन्तर्राष्ट्रिय दूरसञ्चार संघ - विश्व दूरसञ्चार मानकीकरण सम्मेलन जारी छ। सम्मेलनमा रोबोटिक्स फर गुड युथ च्यालेन्ज प्रतियोगिता सञ्चालन गरिएको थियो। यस प्रतियोगितामा ११ राज्यका ५१ टोलीले सहभागिता जनाएका थिए।यस प्रतियोगिताको विषय विपद् व्यवस्थापन थियो । कार्यक्रमको उद्देश्य संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यहरू (SDGs) लाई अगाडि बढाउन रोबोटिक्स मार्फत व्यावहारिक समाधानहरू प्रदर्शन गर्नु थियो।

**8. Jharkhand – India Block Alliance**

इंडिया गठबन्धनले झारखण्ड विधानसभा चुनावका लागि सीट बाँडफाँडको सूत्र तय गरेको छ। झारखण्ड मुक्ति मोर्चा र कांग्रेसले ७० सिटमा चुनाव लड्नेछन् । झारखण्ड मुक्ति मोर्चाका कार्यकारी अध्यक्ष श्री हेमन्त सोरेनले राँचीमा पत्रकारहरूलाई जानकारी दिनुभएअनुसार ११ सिट राष्ट्रिय जनता दल र भारतीय कम्युनिस्ट पार्टी-एमएललाई दिइनेछ। श्री सोरेनले झारखण्ड मुक्ति मोर्चा र कांग्रेस बीच चाँडै सिट बाँडफाँड हुने बताउनुभयो । उम्मेदवारको नामावली तयार भई छिट्टै सार्वजनिक गरिने पनि श्री सोरेनले बताउनुभयो ।

**9. Khadi Exhibition**

राजधानीको दिल्ली हट आईएनएमा विशेष खादी प्रदर्शनी आयोजना हुँदैछ । यो प्रदर्शनी खादी महोत्सवअन्तर्गत देशभर आयोजना हुँदैछ । यसको उद्देश्य स्थानीय उत्पाद र आत्मनिर्भर भारत जस्ता अभियानहरूलाई प्रवर्द्धन गर्नु र खादी कारीगरहरूको आय बढाउनु हो। सूक्ष्म, लघु तथा मझौला उद्योग मन्त्री श्री जीतनराम मान्झीले प्रदर्शनीको हिजो उद्घाटन गर्नुभएको थियो । सो अवसरमा श्री माझीले सकेसम्म खादी र स्थानीय उत्पादन खरिद गर्न सर्वसाधारणलाई आग्रह गर्नुभयो । स्थानीय कारीगर तथा परम्परागत कारिगरको आर्थिक अवस्था मजबुत बनाउनु यस प्रदर्शनीको उद्देश्य रहेको उहाँले बताउनुभयो ।

**10. PM Vanarasi**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि आफ्नो संसदीय क्षेत्र वाराणसी जानु हुनेछ। उहाँले आफ्नो निर्वाचन क्षेत्रमा करिब ६६ अर्ब रुपैयाँका विभिन्न आयोजनाको शिलान्यास गर्ने कार्यक्रम छ । यस अवधिमा प्रधानमन्त्रीले जनसभालाई पनि सम्बोधन गर्नु हुनेछ।

**11. Israel – Drone Attack**

इजरायलका प्रधानमन्त्री श्री बेन्जामिन नेतान्याहुको निवासमा आज बिहान ड्रोन आक्रमण भएको छ । हिजबुल्लाहले सिजेरिया क्षेत्रमा श्री नेतन्याहुको घरमा यो ड्रोन आक्रमण गरेको थियो। इजरायली प्रधानमन्त्रीका प्रवक्ताका अनुसार घटनाको समय प्रधानमन्त्री निवासमा हुनुहुन्थेन । यस आक्रमणमा कुनै हताहतको खबर आएको छैन।

**12. IMD Weather**

मौसम पूर्वानुमान महाशाखाले देशको दक्षिणी राज्य तमिलनाडु, पुडुचेरी र कर्नाटकमा आगामी दुई–तीन दिनसम्म भारी वर्षा हुने जनाएको छ। अण्डमान र निकोबार टापुहरूमा पनि भोलि र सोमबार भारी वर्षा हुन सक्छ। यस महिनाको २३ र २४ तारिक पश्चिम बंगाल र ओडिशाको गंगाको तटीय क्षेत्रमा भारी वर्षाको सम्भावना छ।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले तीन अफ्रिकी देशहरूको भ्रमण सकेर आज नयाँ दिल्ली प्रस्थान
2. शिक्षाको व्यावसायीकरणले शिक्षाको गुणस्तरमा प्रतिकूल असर गरिरहेको उपराष्ट्रपति श्री जगदीप धनखरको भनाइ
3. राष्ट्रिय महिला आयोगको अध्यक्षमा सुश्री विजया रहाटकर नियुक्त
4. राजधानी दिल्लीमा विशेष खादी प्रदर्शनी आयोजना
5. अनि इजरायलका प्रधानमन्त्री श्री बेन्जामिन नेतान्याहुको निवासमा आज बिहान ड्रोन आक्रमण

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**

**Jharkhand Add…..**

**भारतीय प्रहरी सेवाका वरिष्ठ अधिकारी अजय सिंह झारखण्ड प्रहरीको नयाँ महानिर्देशकमा नियुक्त हुनुभएका छ। श्री सिंह १९८९ ब्याचका अधिकारी हुन्।**